# सर्वोत्तम सिमेन्ट लिमिटेड

का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल
E-mail : info@sarbottamcement.com | Website : sarbottamcement.com

## पाँचौ वार्षिक साधारण सभा सम्बन्धि सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०८०/१२/२८**

आदरणीय, शेयरधनीमहानुभावहरु

सर्वोत्तम सिमेन्ट लिमिटेडको मिति २०८० चैत्र २० गते बसेको सञ्चालक समितिका २१०औं बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

## वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय

**मिति:** २०८१ साल बैशाख १२ गते बुधबार (तदनुसार २४ अप्रिल २०२४)

**समय:** बिहान १०:०० बजे

**स्थान:** रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका स्थित होटल सिद्धार्थ भिलासा

## छलफल गर्ने विषयहरु

**(क) सामान्य प्रस्तावहरु**

१) आ.व. २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०७९/०८० सम्मको मुनाफावाट चुक्ता पुँजी ४६५,००,००,०००।०० (अक्षरुपी चार अर्व पैसठ्ठी करोड मात्र) को १५% (लाभांश कर सहित) ले हुन आउने रु. ६९,७५,००,०००।०० (अक्षरुपी उनन्सत्तरी करोड पचहत्तर लाख रुपौयाँ मात्र ) नगद लाभांश पारित गर्ने ।

५) संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु ५ (पाँच), सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक १ (एक) जना र १ जना स्वतन्त्र सञ्चालक नियुक्ती गर्ने सम्बन्धमा ।

६) विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धि जानकारी

१. साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८०/१२/३० गते शुक्रवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book close) रहनेछ। नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८०/१२/२९ सम्म कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको सो सभामा भाग लिन सक्ने छन् ।

२. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण र हितग्राही खाता खोली शेयर अभौतिकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउन हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा बिहान ९:०० बजे देखि खुल्ला रहनेछ। साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु वा प्रोक्सीले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

४. आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website: sarbottamcement.com मा पनि हेर्न सक्नुहुनेछ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात २०८०/०१/१० गते बिहानको १०:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । एक जना शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्ने छैन । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर हुनेछ ।

६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ ।

७. सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन समितिले तोके बमोजिम हुनेछ र सो सम्बन्धी सूचना वार्षिक साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

८. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभाकक्षमा उपस्थित भई दिनहुन सम्पूर्ण शेयरधनीमहानुभावहरुलाई अनुरोध गरिन्छ ।

९. साधारणसभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

१०. वार्षिक साधारण सभा तथा सञ्चालकको निर्वाचन सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

सर्वोत्तम सिमेन्ट लिमिटेड
का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल